सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३४
भाद्र, २०७९

# सुदूरपश्चिम प्रदेशमा मिडिया नीति तथा नागरिक समाजको अवस्था

मनमोहन स्वाँर

## परिचय

नेपालमा २०७२ सालमा संविधान सभाबाट नयाँ संविधान जारी भयो । यससंगै नेपालमा औपचारिक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्र लागू भयो । नेपालमा संघीयता नितान्त नौलो संरचना र अभ्यास हो । संविधान लागू भएको दुई वर्षपछि २०७४ सालमा स्थानीय, प्रदेश सभा र प्रतिनिधि सभा सदस्यको निर्वाचन भयो । नौ जिल्ला रहेको सुदूरपश्चिम प्रदेशमा ३२ वटा प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित ३२ जना र समानुपातिक प्रणालीबाट २१ जनासहित ५३ सदस्यीय प्रदेश सभा गठन भएको हो । प्रदेश सभा गठन भएर २०७४ फागुनमा प्रदेश सरकार बनेपछि हालसम्म ५२ वटा विधेयक (नियामावलीसहित) पारित भइसकेका छन् । दुई वटा विधेयक संसद सचिवालयमा दर्ता अवस्थामा छन् । त्यस्तै, एउटा नियमावली पारित भइसकेको छ ।[1] सुदूरपश्चिम प्रदेश सभाले बनाएका ५२ वटा प्रादेशिक ऐनकानुनमा मिडियासंग सम्बन्धित एउटा मात्रै विधेयक पारित गरेको छ । सरकारले २०७६ सालमा रेडियो, एफएम तथा टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा बनाएर लामो छलफलपछि प्रदेश सभाले पारित गरेको हो ।

सुदूरपश्चिम प्रदेश सभामा पारित भएको अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतासम्बन्धी त्यो नै एक मात्र विधेयक हो । त्यस्तै नागरिक संघसंस्थाको नियमन, व्यवस्थापन, प्रवर्द्धन सम्बन्धमा अहिलेसम्म सुदूरपश्चिम प्रदेश सरकारले कुनै पनि विधेयक ल्याएको छैन । यद्यपी प्रदेश सरकारले ल्याएका केही ऐनमा नागरिक संघसंस्थाको विषय जोडिएको छ । प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५, प्रदेश स्वरोजगार विकास कोष ऐन २०७५, सुशासन ऐन, २०७५ र जनस्वास्थ्य सेवा ऐन २०७६ नागरिक वा गैरसरकारी संघसंस्थाको भूमिकासँग जोडिएको हो । त्यस्तै, प्रदेश सरकारको वार्षिक नीति र कार्यक्रमहरूमा पनि गैरसरकारी संस्थाहरूको भूमिकाका विषयमा उल्लेख गरिएको छ । स्थानीय तहहरूमध्ये धनगढी उपमहानगरपालिका, कैलारी गाउँपालिकासहितका केही स्थानीय तहले गैरसरकारी संस्थाको व्यवस्थापन तथा नियमन सम्बन्धमा कार्यविधि बनाएका छन् ।

१ प्रदेश सभा सचिवालयको आधिकारिक वेवपोर्टल सुदूरपश्चिम प्रदेश

कैलालीको धनगढी उपमहानगरपालिका, टीकापुर नगरपालिका, गौरिगंगा नगरपालिका र कैलारी गाउँपालिका लगायतका स्थानीय तहले रेडियो तथा एफएम प्रसारण व्यवस्थासम्बन्धी ऐन ल्याएका छन् । अछामको मंगलसेन र साँफेबगर नगरपालिकाले एमएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७४ ल्याएका छन् । स्थानीय तहहरूले रेडियो, एफएम सञ्चालन सम्बन्धी ऐन अथवा कार्यविधि बनाउने क्रममा प्रायः सबैले 'कपि पेष्ट' गरेका छन् । कतिपयले त ऐन कानुनमा भएको व्यवस्थालाई समेत अनदेखा गरेको पाइन्छ । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनले परिच्छेद ३, दफा ११ मा एक सय वाटसम्म एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजीको अधिकार दिएको भएपनि अछामको साँफेबगर नगरपालिकाले ल्याएको कार्यविधि, २०७४ मा ' नगरपालिकाभित्र ५०० वाटसम्मको एफएम रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन नीति निर्माण गर्ने अधिकार नगर कार्यपालिकालाई हुने' उल्लेख छ । यी वस्तुस्थितिबीच प्रस्तुत आलेखमा सुदूरपश्चिम प्रदेशमा मिडिया नीति तथा नागरिक समाज, संघसंस्थाहरूको अवस्था र भूमिकाका साथै प्रदेश सरकारले यी सम्बन्धमा गरिरहेका प्रयासहरूबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

# सुदूरपश्चिम प्रदेशमा मिडिया सम्बन्धी नीति

सुदूरपश्चिम प्रदेशमा हालसम्म प्रादेशिक आमसञ्चार नीति बनेको छैन । प्रदेश सरकारले २०७५ सालमा प्रदेश सरकारले रेडियो, एफएम तथा टेलिभिजन प्रसारण व्यवस्थित गर्न विधेयक ल्यायो । विधेयकको मस्यौदामाथि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेशका नौवटै जिल्लामा रायसुझाव संकलनका लागि नेपाल पत्रकार महासंघ, सञ्चारगृह तथा सञ्चारकर्मीहरूको सहभागितामा अन्तर्क्रिया, छलफल कार्यक्रम आयोजना गर्‍यो । मस्यौदा विधेयकमा प्रस्तावनादेखि अन्य व्यवस्थाहरू मिडियामाथि प्रत्यक्ष र परोक्ष रूपमा नियन्त्रण गर्ने मनसाय रहेको भन्दै सरोकारवालाहरूले संशोधनका लागि बुँदागत रूपमा रायसुझाव प्रस्तुत गरे । खासगरी विधेयकमा मन्त्रीको अध्यक्षतामा मिडिया बोर्ड गठन, समाचार सामग्री उत्पादन र प्रसारणमा निर्देशन, समाचार सामग्री प्रसारणपूर्व पुरा गर्नुपर्ने शर्तहरू, प्रसारण गर्न नपाइने विषयहरू, सजाय तथा अधिकार प्रत्यायोजनसम्बन्धी प्रावधानमा सरोकारवालाहरूले बढी टिप्पणी गरेका थिए ।

बारम्बारको छलफल, रायसुझाव र सांसदहरूद्वारा संसदमा संशोधन प्रस्ताव पेस गरेपछि सो विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयो । सो समितिमा व्यापक छलफलपछि पुनः प्रदेश सभामा प्रस्तुत गरियो । र, मस्यौदा विधेयकमा प्रस्ताव गरिएको मिडिया बोर्डको व्यवस्था हटाएर पुरै अधिकार मन्त्रालयलाई दिइयो । त्यस्तै मस्यौदा विधेयकमा उल्लेखित प्रस्तावनालाई पनि पारित गर्दा संशोधन गरिएको थियो । मस्यौदा विधेयकको प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिवद्ध रहँदै मिडिया क्षेत्रमा उपलब्ध प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमबाट हुने सुचना प्रवाहलाई व्यवस्थापन एवं नियमनकामार्फत शान्ति र व्यवस्था एवम् सर्वसाधारण जनताको सदाचार कायम राख्न र सुचनाको प्रवाहलाई निर्वाध रूपले प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले' भन्ने उल्लेख थियो । यसलाई संशोधन गर्दै पारित ऐनको प्रस्तावनामा भने 'पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिवद्ध रहँदै प्रसारणका माध्यमबाट हुने सुचना प्रवाहलाई व्यवस्थापन एवं नियमन गरी सुचनाको निर्वाध प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले' भन्ने उल्लेख गरिएको छ । यसवाहेक विधेयकमा रहेका अन्य सबै विवादास्पद प्रावधान जस्ताको तस्तै राखेर प्रदेश सभामा पेस भयो । प्रदेश सभाबाट सो विधेयक पारित भयो । संशोधन प्रस्ताव राख्ने प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले पनि सो विधेयक पारित गर्ने क्रममा कुनै आपत्ति व्यक्त गरेन । सो विधेयकको मस्यौदा बनेर छलफल, दफावार छलफल र पारित गर्न झण्डै नौ महिना लागेको थियो । सो विधेयक प्रदेश सभाबाट पारित भएर ऐन बनिसकेको छ ।

विधेयकमा नेपाल पत्रकार महासंघ, सञ्चार गृह तथा सञ्चारकर्मी र सांसदसहितका सरोकारवालाहरूले मुख्य रूपमा प्रदेश सरकारले ल्याएको प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा परिमार्जन र संशोधनको लागि रायसुझाव प्रस्तुत गरेका थिए । विधेयकको दफा ३ (१) मा प्रदेशभित्र रेडियो, एफएम र टेलिभिजनको प्रभावकारी व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण एवं नियमन गर्न एक प्रदेश मिडिया वोर्ड रहने र त्यस्तो वोर्ड मन्त्रीको अध्यक्षतामा रहने उल्लेख थियो । मन्त्रीको अध्यक्षतामा मात्र होइन, वोर्डमा दुईजना सदस्य सरकारकै सचिव रहने र एक सदस्य मात्रै नेपाल पत्रकार महासंघ, प्रदेश समितिका अध्यक्ष रहने व्यवस्था थियो । सरकारका

पदाधिकारी वा कार्यकारीको नेतृत्वमा मिडिया वोर्ड गठन गर्दा प्रकारान्तरले मिडियामाथि सरकारको प्रत्यक्ष नियन्त्रण हुने जुन लोकतान्त्रिक मूल्यमान्यता विपरित भएको सरोकारवाला पक्षको तर्क थियो । बोर्डमा रेडियो, एफएम तथा  टेलिभिजन क्षेत्रमा कम्तिमा २० वर्षदेखि निरन्तर काम गर्दै आएको विज्ञको अध्यक्षतामा स्वतन्त्र तथा स्वायत्त मिडिया बोर्डको गठन हुनुपर्ने सरोकारवालाहरूको माग रहदै आएको हो । वोर्डको सचिवालय मन्त्रालयमा राख्ने व्यवस्था पनि आफैमा विरोधाभाषपुर्ण थियो । तर, पछि यो दफा पुरै हटाएर यससम्बन्धी अधिकार मन्त्रालयलाई दिने गरी विधेयक पारित गरिएको हो जुन आफैमा लोकतान्त्रिक मुल्य मान्यतासम्मत छैन ।

विधेयक (दफा १३) मा प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा १४ वटा विषयहरूलाई प्राथमिकता दिई कार्यक्रम उत्पादन तथा प्रसारण गर्नुपर्ने भनी तोकेकोमा जस्ताको तस्तै पारित गरेर ऐन (दफा ११) बनाइयो । लोकतन्त्रमा निर्देशित मिडियाको कल्पना गरिँदैन । लोकतान्त्रिक पद्दतिमा मिडियाको स्थापना, व्यवस्थापन तथा निर्वाध सञ्चालनमा राज्यको सहजकर्ताको भूमिका हुनुपर्ने हो । तर, सरकारले मिडियाका सामग्री निर्धारण गर्ने प्रावधानले प्रेस स्वतन्त्रतामाथि प्रहार गर्छ ।

त्यस्तै विधेयकको दफा १४ मा  कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने व्यक्ति तथा संस्थाले पाँचवटा सर्तहरू पालना गर्नुपर्ने विषय तोकिएको थियो । पारित ऐनको दफा १२ मा यो विषयलाई हुवहुँ राखिएको छ । मिडियाले कुनै पनि सामग्री प्रकाशन, प्रसारण गर्दा पूर्वसर्त पुरा गर्नुपर्ने व्यवस्था नेपालको संविधानले व्यवस्था गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी व्यवस्था र मर्म, लोकतान्त्रिक पद्दति तथा स्वतन्त्र प्रेसका विश्वव्यापी मूल्यमान्यताका प्रतिकुल विषय हुन् । त्यस्तै विधेयकको दफा १६ मा प्रसारण गर्न नपाइने विषय तोकिएको थियो जसमा क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाईबीचको सुसम्बन्धमा खलल पुर्‍याउने विषयहरू, (ख) राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुर्‍याउने विषयहरू, (ग) विभिन्न जातजाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल् पुर्‍याउने विषयहरू, घ) राज्यद्रोह, गाली बेइज्जती, अदालतको अवहेलना, अपराधको दुरूत्साहन वा सार्वजनिक शिष्टाचार तथा नैतिकताको प्रतिकुल ठहर्ने विषयहरू, ङ) श्रमप्रतिको अवहेलना, जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने किसिमका विषयहरू रहेका छन् । पारित ऐनको दफा १४ मा यसलाई हुवहुँ राखिएको छ । नेपालको संविधान, मुलुकी संहिता, नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचार संहिताले नै सञ्चार संस्था तथा सञ्चारकर्मीले के के गर्न नपाउने भन्ने स्पष्ट ब्याख्या तथा व्यवस्था गरिसकेकाले विधेयकको यो दफाको औचित्य छैन । त्यसमाथि सञ्चार माध्यमलाई प्रसारण गर्न नपाइने भनेर जे जसरी विषय तोकिएको छ, त्यो लोकतान्त्रिक मुल्य मान्यताविरूद्धको विषय हो ।

विधेयकको दफा १७ मा रहेको सजायलाई पारित ऐनमा पनि जस्ताको तस्तै राखिएको छ । ऐनको दफा १५ मा कसैले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम विपरीत कुनै कार्यक्रम, विज्ञापन, समाचार सामग्री प्रसारण गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई बोर्डले वा वोर्डले तोकेको अधिकारीले निर्णय गरी दश हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ । तर, त्यस किसिमको कारवाही गर्नुपूर्व सम्बन्धित प्रसारण संस्था, प्रसारक वा व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिने व्यवस्था भएपनि कसैले पुन त्यही काम गरेमा बोर्डले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई शुरू सजायको दोब्बर सजाय गर्न सक्ने व्यवस्था पनि विधेयकमा उल्लेख छ । यसरी समाचार तथा समाचारमूलक सामग्री प्रसारण गरेको आधारमा सजाय तोक्ने कुरा युक्तिसंगत हुँदैन ।

ऐनको दफा १८ मा  मन्त्रालय वा बोर्डले आफूमा निहित अधिकार मध्ये केही अधिकार कुनै अन्य अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ । मन्त्रालय वा बोर्डले आफूमा निहित अधिकार अरू अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न पाउने व्यवस्था कानुनी तथा संवैधानिक मान्यता विपरितको विषय हो । सरोकारवालाहरूको रायसुझाव तथा सांसदहरूद्वारा राखिएको संशोधन प्रस्तावलाई सम्बोधन नगरिएकै कारण पारित ऐनमा समेत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रतिकुलका प्रावधानहरू रहेका छन् । प्रदेश मुख्य न्यायाधीवक्ता कुलनन्द उपाध्यायले प्रदेश सरकारले ल्याएको ऐनमा भएका असहमतिहरूलाई सम्बोधन गर्ने उपाय खोज्ने बताए ।  प्रतिबन्ध गर्ने, निषेध गर्ने जस्ता विषयले अलिकति निरूत्साहित बनाउने भएकाले त्यस्ता विषयमा सरकारले ध्यान दिने पनि उनले बताए । पत्रकारहरूसँग छलफल गरेर एउटा समग्र नीति बनाउने कुरामा पनि उनले जोड दिए ।[२]

२ प्रदेश सभा सचिवालयको आधिकारिक वेवपोर्टल सुदूरपश्चिम प्रदेश

स्थानीय सरकारको कुरा गर्ने हो भने अधिकांश स्थानीय तहहरूले ल्याएका रेडियो, एफएम प्रसारण व्यवस्थित गर्ने सम्बन्धी ऐनमा स्थानीय तह स्वयंले नै एफएम रेडियो सञ्चालन गर्ने मनसाय राखेको देखिन्छ । पत्रकार अर्जुन शाहको भनाईमा स्थानीय तहहरूले आफ्नै रेडियो संचालन गर्न थालेका छन् जसको उदेश्य नागरिकको हकलाई संरक्षण गर्ने, नागरिक सुचनाको हकलाई सुनिश्चित गर्नेभन्दा पनि आफ्नो गुणगान गाउनमा केन्द्रित भएका छन् । ' विज्ञापन दिनभन्दा आफैले किन नचलाउने भन्ने मनसाय स्थानीय सरकारहरूको देखिन्छ । तर, यो प्रवृतिका कारण त्यस्ता मिडियाबाट प्राप्त हुने सुचना तथ्यपरक र वस्तुनिष्ठ हुँदैन ।'[३]

# निष्कर्ष र सुझाव

सुदूरपश्चिम प्रदेशमा पनि अहिलेसम्म प्रदेश सरकारले न त प्रदेश सञ्चार नीति नै ल्याएको छ, न नागरिक संघसंस्था (गैसससहित) को व्यवस्थापन, नियमनसम्बन्धी कुनै नीति वा कानुन नै ल्याएको छ । सुदूरपश्चिम प्रदेश सरकार अहिलेसम्म मिडिया र सिभिक स्पेसबारे अवधारणाागत रूपमा नै सकारात्मक देखिएको छैन । नेपालको सन्दर्भमा अझैं पनि नागरिक समाजलाई गैरसरकारी संस्थाको परिधीमा मात्रै राखेर हेर्ने गरिन्छ । अर्कोतिर नागरिक समाजका नाममा देखापर्ने संघसंस्था र नागरिक अगुवाहरू दलगत राजनीतिक आस्थाका आधारमा विभाजित हुने गरेको आरोप लाग्ने गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनको सुदृढीकरणमा स्वतन्त्र मिडिया र नागरिक समाजको भूमिका निकै महत्वपूर्ण छ ।

कानुनी अथवा कार्यशैलीबाट मिडिया र नागरिक समाजको भूमिका संकुचित पार्ने प्रयासले खुला समाज, सामाजिक न्याय, कानुनी राज्य, सार्वजनिक जवाफदेहीता नै कमजोर हुँदै जान्छ र प्रकारान्तरले लोकतान्त्रिक पद्धति नै कमजोर बन्छ भन्नेमा सरकारहरू सजग हुनु आवश्यक हुन्छ ।

सुदूरपश्चिम प्रदेशमा मिडिया (खासगरी छापा माध्यम) को अवस्था निकै कमजोर बन्दै गइरहेको छ । साना लगानीका सञ्चार माध्यमहरूको प्रवर्द्धनका लागि तत्काल प्रदेश सरकारले ठोस नीति बनाउनु आवश्यक छ । प्रादेशिक विज्ञापन प्राधिकरण, प्रादेशिक मिडिया काउन्सिल, प्रतिष्ठान आदिको व्यवस्थासहितको नीति आवश्यक छ ।

अहिलेसम्म पनि प्रदेश तथा स्थानीय सञ्चार नीति, विज्ञापन नीति लगायत मिडियासँग सम्बन्धित नीति बनिसकेका छैनन् । सुदूरपश्चिम प्रदेश सरकारले अहिलेसम्म प्रादेशिक आम सञ्चार नीति बनाउने पहल नै गरेको छैन । सरकारले बनाएको रेडियो, एफएम तथा टेलिभिजन प्रसारण सम्बन्धी विधेयक पारित भए पनि कार्यान्वयनमा जानै सकेको छैन । तीनै तहका सरकारहरूले मिडियाको प्रवर्द्धनका लागि इमान्दारिपूर्वक तथा रणनीतिक रूपमा सरोकारवालाहरूहरूको व्यापक सहभागिता तथा प्रतिनिधित्वमा मिडिया नीति बनाउने र कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । मिडिया तथा नागरिक समाज, संघसंस्थासंग सम्बन्धित कानुन निर्माण प्रक्रियामा सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता बढाउन वृहद संवाद र छलफल आवश्यक छ ।

---

३ कुलनन्द उपाध्याय, प्रदेश मुख्य न्यायाधीवक्ता । सीएमआर नेपालले २०७८ असोज ४ गते आयोजना गरेको छलफल कार्यक्रममा व्यक्त धारणा ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**

पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल

रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।

इमेलः cmrnepal@butmedia.org

वेभः research.butmedia.org